# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, कार्तिक ६ गते २०२४ साल [ अतिरिक्ताङ्क २९ (क)

श्री ५ को सरकार

### कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. २२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

५८५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजपरिवारको निमित्त खर्चको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी, श्री ५ युवराजाधिराज र राजपरिवारका अन्य सदस्यहरूका सम्मान एवं प्रतिष्ठाको निमित्त केही नियमित खर्चको व्यवस्था गर्न आवश्यक देखिएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "राजपरिवार खर्चको व्यवस्था ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन २०२४ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(१) "श्री ५ महाराजाधिराज" भन्नाले गद्दीनसीन श्री ५ महाराजाधिराजलाई सम्झनु पर्छ ।

(२) "श्री ५ युवराजाधिराज" भन्नाले श्री ५ महाराजाधिराजका राज्यकालमा राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन, २०१५ बमोजिम घोषित श्री ५ युवराजाधिराज सम्झनु पर्छ ।

३. श्री ५ महाराजाधिराजका निमित्त वार्षिक दाखिलाः– (१) श्री ५ महाराजाधिराजका खर्चको निमित्त प्रत्येक आर्थिक वर्षमा रु. ३०,००,०००।–तीस लाख र नेपाली डबल असर्फी पच्चीस र पतला पच्चीस श्री ५ महाराजाधिराजको राजगद्दी कोषमा दाखिला गरिनेछ ।

(२) तत्काल गद्दीनसिन श्री ५ महाराजाधिराजको स्वर्गबास भएको ३ महीनासम्म मौसूफका राजपरिवारको खर्चको निमित्त उप–दफा (१) मा लेखिएको दरले रकम दाखिल गरिनेछ ।

(३) श्री ५ महाराजाधिराजका शाही विमान विभागको खर्चको लागि प्रत्येक आर्थिक वर्ष रु. १५,००,०००।– पन्ध्र लाख शाही विमान विभागको कोषमा दाखिल गरिनेछ ।

४. राजदरबारको प्रशासन कार्यको निमित्त खर्चको व्यवस्थाः– राजदरबारका अधिकृत र कर्मचारीहरूको तलब भत्ता समेत अरू प्रशासन कार्य चलाउनको निमित्त प्रत्येक आर्थिक वर्षमा रु. १२,००,०००।– बाह्र लाख श्री ५ महाराजाधिराजका राजदरबार कोषमा दाखिल गरिनेछ ।

५. श्री ५ बडामहारानीका निमित्त खर्चको व्यवस्थाः– श्री ५ महाराजाधिराजका श्री ५ बडामहारानीका निमित्त प्रत्येक आर्थिक वर्षमा रु. २,२५,०००।– दुइ लाख पच्चीस हजार मौसूफका हजूरमा दाखिल गरिनेछ ।

७८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. श्री ५ मुमा बडामहारानी, श्री ५ जिजु मुमा बडामहारानी तथा श्री ५ बडा जिजु मुमा बडामहारानीको निमित्त खर्चको व्यवस्था:– श्री ५ महाराजाधिराजका श्री ५ मुमा बडामहारानी, श्री ५ जिजु मुमा बडामहारानी तथा श्री ५ बडा जिजु मुमा बडामहारानीका निमित्त मौसूफहरू प्रत्येकका हजूरमा प्रत्येक आर्थिक वर्षमा रु. २,७५,०००।– दुइ लाख पचहत्तर हजार दाखिल गरिनेछ ।

७. श्री ५ युवराजाधिराजका निमित्त खर्चको व्यवस्था:– श्री ५ युवराजाधिराजका निमित्त प्रत्येक आर्थिक वर्षमा निम्नलिखित रकम मौसूफका हजूरमा दाखिल गरिनेछ:–

(क) विवाह हुनुभन्दा अघि रु. ३,००,०००।– तीन लाख;

(ख) विवाह भएपछि खण्ड (क) मा लेखिएको रकममा थप रु. १,००,०००।– एक लाख ।

८. श्री ५ युवराजाधिराजका महारानीको निमित्त खर्चको व्यवस्था:– (१) श्री ५ युवराजाधिराजका महारानीका निमित्त प्रत्येक आर्थिक वर्षमा रु.२,००,०००।– दुइ लाख मौसूफका हजूरमा दाखिल गरिनेछ ।

(२) श्री ५ युवराजाधिराजको स्वर्गबास भएमा मौसूफका महारानीका जीवन कालसम्म प्रत्येक आर्थिक वर्षमा रु. १,००,०००।– एक लाख मौसूफका हजूरमा दाखिल गरिनेछ ।

९. श्री ५ युवराजाधिराजका छोरा राजगद्दीका उत्तराधिकारी श्री ५ शाहज्यादाको निमित्त खर्चको व्यवस्था:– श्री ५ युवराजाधिराजका छोरा राजगद्दी उत्तराधिकारी श्री ५ शाहज्यादाका निमित्त प्रत्येक वर्षमा निम्नलिखित रकम मौसूफका हजूरमा दाखिल गरिनेछ ।

(क) मौसूफको उमेर २१ वर्ष नपुगेसम्म रु. २५,०००।– पच्चीस हजार,

(ख) मौसूफको उमेर २१ वर्ष पुगेपछि खण्ड (क) मा लेखिएको रकममा थप रु. १२,५००।– बाह्र हजार पांचसय, र

(ग) विवाह भएपछि थप रु. १२,५००।– बाह्र हजार पांचसय।

१०. श्री ५ महाराजाधिराजका छोरा अधिराजकुमार, छोरी अधिराजकुमारी र छोरा अधिराजकुमारका विवाहिता अधिराजकुमारीहरूका निमित्त खर्चको व्यवस्था:– (१) श्री ५ महाराजाधिराजका प्रत्येक छोरा अधिराजकुमारका निमित्त प्रत्येक आर्थिक वर्षमा मौसूफहरू प्रत्येकका हजूरमा निम्नलिखित रकम दाखिल गरिनेछ:–

(क) मौसूफको उमेर २१ वर्ष नपुगेसम्म रु. १,००,०००।– एक लाख,

(ख) मौसूफको उमेर २१ वर्ष पुगेपछि खण्ड (क) मा लेखिएको रकममा थप रु. ५०,०००।– पचास हजार, र

(ग) विवाह भएपछि थप रु. ५०,०००।– पचास हजार ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै अधिराजकुमारको जीवन कालपछि मौसूफका विवाहिता अधिराजकुमारी रहिबक्सेमा मौसूफ अधिराजकुमारीका निमित्त मौसूफको जीवन कालसम्म प्रत्येक आर्थिक वर्षमा रु. ७५,०००।– पचहत्तर हजार मौसूफका हजूरमा दाखिल गरिनेछ।

(३) श्री ५ महाराजाधिराजका छोरी अधिराजकुमारीका निमित्त प्रत्येक आर्थिक वर्षमा मौसूफ प्रत्येकका हजूरमा रु. २४,०००।– चौबीस हजार दाखिल गरिनेछ।

११. श्री ५ भाइ अधिराजकुमार र श्री ५ दिदी वा श्री ५ बहिनी अधिराजकुमारीका निमित्त खर्चको व्यवस्थाः– श्री ५ महाराजाधिराजका प्रत्येक श्री ५ भाइ अधिराजकुमार र श्री ५ दिदी वा श्री ५ बहिनी अधिराजकुमारीहरूका निमित्त प्रत्येक आर्थिक वर्षमा मौसूफहरू प्रत्येकका हजूरमा निम्नलिखित रकम दाखिल गरिनेछः–

(क) प्रत्येक श्री ५ भाइ अधिराजकुमारको निमित्त रु. २,००,०००।– दुइ लाख, र

(ख) प्रत्येक श्री ५ दिदी वा श्री ५ बहिनी अधिराजकुमारीका निमित्त रु. २४,०००।– चौबीस हजार।

–तर यो ऐन प्रारम्भ हुंदाका बखत रही बक्सेको श्री ५ भाइ अधिराजकुमारहरू तथा श्री ५ बहिनी अधिराजकुमारीहरूका हकमा खण्ड (क) र (ख) बमोजिमको रकम मौसूफहरूको जीवन कालसम्म दाखिल गरिनेछ।

१२. श्री ५ काका अधिराजकुमार तथा श्री ५ फुपू शाहज्यादीका निमित्त खर्चको व्यवस्थाः– श्री ५ को काका अधिराजकुमार तथा श्री ५ फुपू शाहज्यादीका खर्चको निमित्त प्रत्येक आर्थिक वर्षमा देहाय बमोजिमको रकम मौसूफहरू प्रत्येकका हजूरमा दाखिल गरिनेछः–

(क) प्रत्येक श्री ५ काका अधिराजकुमारका निमित्त रु. १,००,०००।– एक लाख।

(ख) प्रत्येक श्री ५ फुपू शाहजादीका निमित्त रु. १२,०००।– बाह्र हजार।

–तर यो ऐन प्रारम्भ हुंदाका बखत रही बक्सेको कुनै श्री ५ काका अधिराजकुमार वा श्री ५ फुपू शाहज्यादीलाई यो दफा लागू हुनेछैन।

१३. श्री ५ युवराजाधिराज र श्री ५ महाराजाधिराजका छोरा अधिराजकुमारहरूका निमित्त जग्गा खरीद र भवन निर्माण खर्चको व्यवस्थाः– श्री ५ युवराजाधिराजका निमित्त र श्री ५ महाराजाधिराजका प्रत्येक छोरा अधिराजकुमारहरूका निमित्त जग्गा खरीद गर्न र भवन निर्माण गर्न परेमा एक पटक निम्नलिखित रकम दाखिल गरिनेछः–

(क) जग्गा खरीदको लागि रु. २,००,०००।– दुइ लाखसम्म।

(ख) भवन निर्माणको लागि रु. ५,००,०००।– पांच लाखसम्म।

१४. विशेष खर्च साधारण बजेटबाट ब्यहोर्नेः– माथि दफा दफामा लेखिए अनुसार दाखिल हुने खर्च बाहेक शाही परम्परा अनुसार चलीआएको राजपरिवारको जन्मदेखि मरण र वार्षिक

५८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्यन्तको धार्मिक तथा सांस्कारिक कर्महरूका निमित्तको विशेष खर्च, काम र अवस्थानुसार आवश्यकताको विचार गरी श्री ५ को सरकारको साधारण बजेटबाट ब्यहोरिनेछ ।

१५. श्री ५ महाराजाधिराजबाट घटाउन वा नदिन सकिबक्सने रकमहरू:– दफा ५, ६, ७, ८, ९, १०, ११, र १२ मा जेसुकै लेखिए तापनि श्री ५ महाराजाधिराजबाट मौसूफको स्वविवेकले ती दफाहरूमा लेखिए मध्ये सबै वा केही रकम संधै वा केही समयको लागि घटाउन वा दाखिला नगर्नु भन्ने हुकूम बक्सन सकिबक्सनेछ ।

१६. हिसाब किताब र त्यसको जांचः– (१) राजपरिवार खर्च र राजदरबार प्रशासन कार्यको निमित्त व्यवस्था गरिएका रकम मध्येबाट भएको खर्चको हिसाब किताब श्री ५ महाराजाधिराजबाट मौसूफका स्वविवेकले सो कामको निमित्त नियुक्ती गरिबक्सेको अधिकृतले राख्नेछ ।

(२) उप–दफा (१) बमोजिम राखिएको हिसाब किताब महालेखा परीक्षकले जिम्मावारीसम्म मिलाउने छ र नभिडेमा त्यसको प्रतिवेदन श्री ५ महाराजाधिराजका हजूरमा पेश गर्नेछ ।

१७. राजपरिवार तथा राजदरबारको प्रशासनको खर्चमा हेरफेरः– (१) यस ऐनमा लेखिएको राजपरिवारको खर्च तथा राजदरबारको प्रशासनको खर्च बढाउन कुनै समय आवश्यक एवं वाञ्छनीय छ भन्ने श्री ५ महाराजाधिराजबाट मौसूफको स्वविवेकले ठहराइबक्सेमा सो विषयलाई प्रधानमन्त्री, अर्थमन्त्री, राष्ट्रिय पञ्चायतका अध्यक्ष, राजसभाको स्थायी समितिका सभापति, श्री ५ महाराजाधिराजका प्रमुख स्वकीय सचिव वा स्वकीय सचिव, राष्ट्रिय पञ्चायतका प्रतिनिधि १ को समितिमा पठाइनेछ ।

(२) उक्त समितिले सो विषयको जांचबुझ गरी आफ्नो प्रतिवेदन श्री ५ महाराजाधिराजका हजूरमा पेश गर्नेछ ।

(३) उप–दफा (२) बमोजिम प्रतिवेदन दाखिल भएपछि उक्त समितिको सिफारिश बमोजिम यस ऐनमा लेखिएको कुनै खर्चको रकम बढाउन आवश्यक छ भन्ने कुरा श्री ५ महाराजाधिराजबाट मौसूफको स्वविवेकले ठहऱ्याइबक्सेमा सो बमोजिम रकम बढाउने गरी मौसूफबाट आदेश जारी गर्न सकिबक्सनेछ । त्यस्ता आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ र यही ऐनमा परे सरह लागू हुनेछ ।

१८. यो ऐनद्वारा अधिकृत गरिएको रकम नेपालको सञ्चित कोषमाथि व्ययभार हुनेः– यो ऐनमा दफा १४ बाहेक अन्य दफाहरूद्वारा अधिकृत गरिएको रकम सञ्चित कोषमाथि व्ययभार हुनेछ ।

१९. दाखिल गर्ने तरीकाः– माथि दफा दफामा दाखिल गरिनेछ भनी लेखिए बमोजिमको रकम दाखिल गर्दा पेश्की गरीः– ५८९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा ४ मा लेखिएको रकम ४ किस्तामा, र

(ख) अरू दफामा लेखिएको रकम हरएक आर्थिक वर्ष शुरूमा एक मुष्ट दाखिल गरिनेछ ।

२०. अरू दावामा प्रतिबन्धः– यस ऐनमा लेखिएको बाहेक कुनै व्यक्तिको राजपरिवारको सदस्य वा श्री ५ महाराजाधिराजको वंशज भन्ने आधारमामात्र नेपालको सञ्चित कोषबाट कुनै निवृत्तिभरण वा भत्ता पाउने अधिकार हुनेछैन ।

२१. खारेजीः– राजपरिवार खर्च व्यवस्था ऐन, २०१६ र सो ऐनको दफा १५ बमोजिम श्री ५ महाराजाधिराजबाट २०१७ साल आश्विन २० गते रोज ४ मा लालमोहर सदर गरिबक्सेको शाही आदेश खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०२४।७।६।२

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

750

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।